विधेक समितिमा दर्ता नं १४

# कनकासुन्दरी गाउँपालिकाको फलफुल नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन निर्देशिका, २०८०

**कृषि विकास शाखा**

**कनकासुन्दरी गाउँपालिका, जुम्ला**

## विषय सुची

प्रस्तावना ........ २
प्रारम्भिक ........ २
नीजि नर्सरी स्थापना, दर्ता, नविकरण, निलम्बन र खारेजी सम्बन्धी व्यवस्था........ ३
बिरुवा उत्पादन र गुणस्तर नियन्त्रण सम्बन्धि व्यवस्था ........ ६
विरुवा विक्री वितरण सम्बन्धि व्यवस्था ........ ८
मापदण्ड कार्यान्वयनसँग सम्बन्धित समितिहरु र तिनीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था .. १०
विविध ........ १२
अनुसूचिहरु ........ १३

## प्रस्तावना

**कनकासुन्दरी गाउँपालिका**मा फलफूलका बिरुवा उत्पादन गर्न स्थापना हुने र संचालनमा रहेका नर्सरीहरुको गुणस्तर नियमन गर्दै फलफूलका बेर्ना र बिरुवाको माग र आपूर्ति व्यवस्थित तथा गुणस्तर नियमन गर्न बाञ्छनिय भएकोले, “स्थानीय सरकार संचालन ऐन २०७४”रबीउ विजन नियमावली २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी **कनकासुन्दरी गाउँपालिकाले** यो निर्देशिका स्वीकृत गरि लागु गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम “फलफूलको नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन निर्देशिका, २०८०” रहेको छ ।

(२) यो निर्देशिका **कनकासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाले** स्वीकृत गरेको मिति देखि तुरुन्त पालिकको सबै क्षेत्रमा लागु हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(१) “फलफूल बाली” भन्नाले सबै खालका फलफूल बालीहरु सम्झनु पर्छ ।

(२) “बगैंचा” भन्नाले फलफूल बालीको खेती गरिएको बगैंचा सम्झनु पर्छ ।

(३) “फलफूल बिरुवा” भन्नाले पुनः प्रसारणको लागि फलफूल बालीको बोटको बानस्पतिक भाग वा बीउ वा अन्य कुनै भागबाट वा तन्तु प्रजनन प्रविधि वा अन्य कुनै प्रविधिबाट तयार गरिएको तथा तोकिएको गुणस्तर बमोजिमको फलफूलको बिरुवा वा बेर्ना सम्झनु पर्छ ।

(४) “बानस्पतिक बिरुवा” भन्नाले फलफूल बालीको बीउ बाहेक बिरुवाको कुनै पनि भाग (कटिङ्ग, लेयरिङ्ग, ग्राफ्टिङ्ग, बडिङ्ग र तन्तु प्रजनन आदि) बाट तयार गरिएको बिरुवालाई सम्झनु पर्छ ।

(५) “बिजु बिरुवा” भन्नाले फलफूल बालीको बीउबाट तयार गरिएको बिरुवा सम्झनु पर्छ ।

(६) “कलमी बिरुवा” भन्नाले वानस्पतिक विधिहरु जस्तै ग्राफ्टिङ्ग, बडिङ्ग, लेयरिङ्ग, कटिङ्ग र तन्तु प्रजनन विधि अपनाएर तयार गरिएको बिरुवा सम्झनु पर्छ ।

(७) “माउबोट” भन्नाले कलमी बिरुवा तयार गर्न प्रयोगमा ल्याईने जातीय शुद्धता कायम रहेको फल फलिसकेको स्वस्थ र गुणस्तरीय बोटलाई सम्झनु पर्छ ।

(८) ‘‘रुटस्टक’’ भन्नाले ग्राफ्टिङ्ग वा बडिङ्ग विधिबाट कलमी बिरुवा तयार गर्दा प्रयोग गरिने जरा तिरकोभाग सम्झनु पर्छ ।

(९) ‘‘सायन’’वा ‘‘साइनस्टक’’भन्नाले ग्राफ्टिङ्ग वा बडिङ्ग विधिबाट कलमी बिरुवा तयार गर्दा रुटस्टकको माथिल्लो भागमा जोड्न प्रयोग गरिने माउबोटबाट लिइने कुनै पनि भाग (हाँगा वा कोपीला) लाई सम्झनु पर्छ ।

(१०) ‘‘ग्राफ्टिङ्ग’’ भन्नाले दुई जात जोडी कलमी बिरुवा उत्पादन गर्ने प्रविधि जहाँ दुइ देखि पाँच कोपिला रहेको असल जातको माउ बोटको हाँगालाई अर्को जातको रुटस्टकमा जोडिन्छ भन्ने सम्झनु पर्छ ।

(११) ‘‘बडिङ्ग’’ भन्नाले दुई जात जोडी कलमी बिरुवा उत्पादन गर्ने प्रविधि जहाँ असल जातको माउ बोटबाट लिईएको एउटा कोपिलालाई अर्को जातको रुटस्टकमा जोडिन्छ भन्ने सम्झनु पर्छ ।

(१२) ‘‘नर्सरी’’ भन्नाले कुनै पनि व्यक्ति, फर्म, समूह वा सहकारी संस्थाका साथै सरकारी निकायबाट फलफूलको बिरुवा उत्पादन तथा विक्री वितरण गर्ने उद्देश्यले स्थापना गरिएका नर्सरी सम्झनु पर्छ ।

(१३) ‘‘नर्सरी धनी/कम्पनी’’ भन्नाले यस निर्देशिका बमोजिम नर्सरी स्थापना गरी सञ्चालन गर्ने व्यक्ति, फर्म, समूह वा सहकारी संस्था सम्झनु पर्छ ।

(१४) ‘‘निजी नर्सरी’’ भन्नाले कुनै व्यक्ति, समूह, सहकारी, कम्पनी वा फर्मबाट स्थापना भई यस निर्देशिका बमोजिम दर्ता भएको नर्सरी सम्झनु पर्छ ।

(१५) ‘‘फार्म केन्द्र’’ भन्नाले कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद, प्रदेश तथा स्थानी तहका फलफूलका बिरुवा उत्पादन गर्ने फार्म केन्द्र सम्झनु पर्छ ।

(१६) ‘‘प्याकिङ्ग’’ भन्नाले झ्याउ, माटो, कोकोपिट, पराल, जुटबोरा, प्लाष्टिक (थैला/डोरी), कागजका बट्टा वा अन्य यस्ता माध्यममा बिरुवा प्याकिङ्ग गरिने प्रविधि/कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## नीजि नर्सरी स्थापना, दर्ता, नविकरण, निलम्बन र खारेजी सम्बन्धी व्यवस्था

**३. नीजि नर्सरी स्थापना, दर्ता र सुचिकृत गर्ने सम्बन्धि व्यवस्थाः**

(१) नीजि नर्सरी स्थापना गर्न चाहने व्यक्ति नेपाली नागरिक हुनु पर्ने छ । कुनै विदेशी नागरिकले पालिकामा नीजि नर्सरी स्थापना गर्न चाहेमा नेपाली नागरिकसँग संयुक्त लगानीमा नर्सरी स्थापना गर्न सक्ने छ ।

(२) नीजि नर्सरी स्थापना गर्नको लागि नर्सरी धनीले **अनुसूचि १** मा तोकिए बमोजिमको कागजात संलग्न गरी पालिकाको कृषि विकास शाखामा निवेदन दिनु पर्नेछ ।

(३)**प्रमुख प्रशासकीय अ धकृत वा निजले तोकेको व्यक्तिकोसंयोजकरकृ ष  वकास स मतिका संयोजक र कृ ष  वकास शाखा प्रमुख सदस्य रहनेगरि पा लका स्तर** नर्सरी निरिक्षण प्राविधिक कार्यदलबाटनर्सरी स्थापना गर्ने क्षेत्रको अनुगमन गराई निजकोसिफारिसको आधारमा नर्सरी दर्ताको लागि पालिकाको कृषि विकास शाखामा सिफारिस गर्नु पर्नेछ ।

(४) दफा ३ को उप दफा (२) बमोजिमको निवेदन उपर उप दफा (३) बमोजिमको सिफारिस समेतमा रु. **५००**(अक्षरुपी **पाँचसय पचास**मात्र) दस्तुर लिएर पालिकाले अनुसूची २ बमोजिमको नर्सरी दर्ता/अनुमती पत्र दिनेछ ।

(५) दफा ३ को उपदफा (४) बमोजिम प्रदान गरिएको नर्सरी दर्ता/अनुमती पत्रको म्याद २ वर्षको हुनेछ ।

(६) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सकरकारको विभिन्न निकायहरु (जस्तैः घरेलु कार्यालय, जिल्ला कृषि विकास कार्यालय आदि) मा दर्ता भई सकेका नीजी नर्सरीहरुको हकमा यो निर्देशिका लागु भएपछि यसै निर्देशिका बमोजिम दर्ता भएको मानिने छ । तर यसरी दर्ता भएका नर्सरीहरुले पनि **अनुसूची ३** मा तोकिए बमोजिम माउबोटको विवरण पुरा गरी पालिकाको कृषि विकास शाखामा सुचिकृत गर्नु पर्नेछ ।

**(४) अनुमती पत्र नविकरण सम्बन्धी व्यवस्थाः**

(१) दफा ३ को उपदफा ४ अनुसार नर्सरी दर्ता/अनुमती पत्र लिएका नर्सरीहरुले म्याद सकिएको ३५ दिन भित्र रु **१००** (अक्षरुपी **एक सय** मात्र) राजश्व तिरी पालिका बाटै नविकरण गराउनु पर्नेछ ।

(२) यसरी नविकरण गरिएको नर्सरी दर्ता/अनुमती पत्रको म्याद नविकरण गरिएको मितिबाट २ वर्ष सम्म रहने छ ।

(३) नर्सरी दर्ता/अनुमती पत्रको म्याद सकिएको मितिले तीन महिना भित्र पनि नर्सरी दर्ता/अनुमती पत्र नविकरण नगराएमा त्यस्तो नर्सरीको नर्सरी दर्ता/अनुमती पत्र खारेजीको लागि समितिमा सिफारिस गरिनेछ ।

**(५) अनुमती पत्र निलम्बन सम्बन्धि व्यवस्थाः**

(१) कुनै नीजि नर्सरी उपर कुनै व्यक्ति वा संघ संस्थाहरुबाट बिरुवाको गुणस्तर सम्बन्धमा आधिकारिक उजुरी परी वा नर्सरी निरीक्षकको प्राविधिक प्रतिवेदनमा समितिले तोकिए बमोजिमको गुणस्तरको बोट

बिरुवा बाहेक बिक्री गर्न उपयुक्त नरहेको बिरुवा बिक्री गरेको पाइएमा सम्बन्धित समितिलृ सो को टुङ्गो नलागेसम्म सो नीजि नर्सरीको अनुमति पत्र निलम्बन गर्न सक्ने छ ।

(२) निलम्बनको अबधि बढीमा तीन महिनाको हुने छ । यस्तो निलम्बनको समयमा विरुवा बिक्री वितरण गर्न पाईने छैन् ।

**(६) अनुमती पत्र खारेज सम्बन्धि व्यवस्थाः**

देहायको अवस्थामा समितिले अनुमती पत्र खारेजीको टुङ्गो लगाउने गरी बिरुवा उत्पादन, बिक्री वितरण बन्द गर्ने आदेश दिन सक्ने छ ।

(१) नर्सरी धनीले **अनुसूची ४** मा उल्लिखित मापदण्डहरु पालना नगरेमा ।

(२) निरिक्षकले दिएको प्राविधिक सल्लाह एबं निर्देशन नमानी आफु खुशी मनोमानी गरी निर्धारित गुणस्तर नभएको बिरुवा उत्पादन तथा विक्री वितरण गरेमा ।

(३) नर्सरी धनीले नर्सरी अनुमती पत्र खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित निवेदन दिएमा ।

(४) अनुमती पत्र नविकरण गर्न दिएको म्याद भित्र नविकरण नगराएमा ।

(५) माथिको उफ दफा अनुसार अनुमती पत्र निलम्बन वा खारेज गरेको कारणबाट हुन गएको क्षतिको मुआव्जा भने दिईने छैन ।

**(७) नर्सरी धनीको जिम्मेवारी**

(१) नर्सरी धनी वा संचालकले नर्सरी दर्ता/अनुमती प्रमाण पत्र लिएर मात्र नर्सरी संचालन गर्नु पर्दछ । नर्सरी दर्ता/अनुमती प्रमाण पत्र प्राप्त नगरीकन बिरुवा उत्पादन तथा विक्रिी वितरण गर्न पाईने छैन ।

(२) हिउँदे फलफूलको नीजि नर्सरी (बिशेष गरी स्याउ र ओखर) स्थापना गर्न माउ बोट व्यवस्थापन समेतको लागि कम्तीमा २रोपनी वा १००००वर्ग मिटर र त्यस क्षेत्र भित्र सिंचाई तथा निकाशको आवश्यक सुविधा भएको हुनु पर्ने छ ।

(३) नर्सरी धनीले बिरुवा उत्पादनको निम्ति आवश्यक माउबोट र रुटस्टकको व्यवस्था गर्नु पर्ने छ । यस्को लागि संकेत (ट्याग) सहितको बिरुवाको जात र संख्या खुलेको माउबोट बगैंचा भएको हुनु पर्ने र अनुसूची ३ बमोजिम उपलब्ध माउ बोटको स्पष्ट विवरण राख्नु पर्ने छ ।

(४) नर्सरी धनीले **अनुसूचि ४** मा तोकिए बमोजिमको मापदण्ड अपनाई बिरुवा उत्पादन गर्नु पर्नेछ ।

(५) नर्सरी निरिक्षण प्राविधिक कार्यदलले संक्रामक रोग कीरा तथा तद्जन्य समस्याबाट मुक्त तथा गुणस्तरयुक्त भनी प्रमाणित गरेको बिरुवा मात्र विक्री वितरण गर्नु पर्ने छ ।

(६) नर्सरी निरिक्षण प्राविधिक कार्यदलले हेर्न चाहेमा सो बमोजिमको नर्सरी रेकर्ड तथा नर्सरीको कुनै पनि भाग देखाउनु पर्ने छ ।

(७) नर्सरी निरिक्षण प्राविधिक कार्यदलले दिएको प्राविधिक सल्लाह र निर्देशन बमोजिम नर्सरीका कामहरु संचालन गर्नु पर्ने छ ।

(८) बिरुवाहरु विक्री गर्दा राम्रो सँग प्याकिङ्ग गरी प्रष्टसँग बालीको किसिम र जात खुलेको संकेत पत्र राखेर मात्र विक्री वितरण गर्नु पर्ने छ ।

## परिच्छेद ३

## बिरुवा उत्पादन र गुणस्तर नियन्त्रण सम्बन्धि व्यवस्था

### ८. फलफूल विरुवाको गुणस्तर मापदण्डः

(१) विभिन्न फलफूल वालीको बीउ, विरुवाहरु, सायन, रुटस्टक तथा माउबोटको गुणस्तर **अनुसूची ४** बमोजिम हुनेछ ।

(२) आबश्यक परेमा पालिका स्तरिय समितिले निर्णय गरी समय समयमा विभिन्न फलफूल वालीको नर्सरी, बीउ, विरुवा, सायन, रुटस्टक तथा माउबोटको गुणस्तर सम्बन्धि मापदण्ड वा अनुसूची ४ परिमार्जन गर्न सक्ने छ ।

(३) यसरी तोकिएको गुणस्तर र मापदण्ड बमोजिम नै सबै नर्सरीहरुले बीउ, बिरुवा, सायन र रुटस्टकको उत्पादन तथा विक्री वितरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) अनुसारको गुणस्तर मापदण्ड सरकारी फार्म केन्द्रहरु तथा नीजि नर्सरीहरु दुवैमा समान रुपमा लागु हुनेछ ।

### ९. गुणस्तरीय फलफूल विरुवा उत्पादन प्रकृयाः

(१) नर्सरी धनीले स्थानीय धरातलीय उचाई र हावापानी अनुसार सिफारिस गरिएका वालीहरु र तिनीहरुको उपयुक्त जातको बीउ, विरुवा र विरुवाका अङ्गहरु मात्र उत्पादन गर्नु पर्छ ।

(२) विरुवा उत्पादन गर्न आवश्यक बीउ तथा साइनस्टकको लागि छनौट गरिएको माउबोटको गुणस्तर **अनुसूची ४ ख** मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(३) माउबोटको बगैंचा तथा नर्सरीमा देखिने संक्रमक रोग, कीरा तथा तदजन्य समस्याहरुको प्रकोपबाट बचाउन नर्सरी धनीले नर्सरी निरिक्षकबाट आफ्नो बगैंचा तथा नर्सरीको वार्षिक जाँच गराई निरिक्षकले दिएको सिफारिस वा सुझाव अनुसार मात्र बगैंचा व्यवस्थापन र विरुवा उत्पादनको काम गर्नु पर्छ ।

(४) स्याउमा काउन गल रोग र भुवादार लाहि कीरा तथा सबै फलफूलमा जातीय शुद्धता नभएको माउबोटबाट सायन लिने र विरुवा उत्पादनको लागि प्रयोग गर्ने काम गर्नु हुदैन ।

**१०. नर्सरी निरिक्षण प्राविधिक कार्यदल सम्बन्धि व्यवस्थाः**

(१) यस मापदण्डमा उल्लिखित फलफूल वालीका बीउ, रुटस्टक तथा नर्सरीमा विरुवा र तिनीहरुको अङ्गहरुको गुणस्तर परिक्षण, अनुगमन तथा नियमनका लागि पालिका स्तरिय समितिले नर्सरी निरिक्षण प्राविधिक कार्यदलको व्यवस्था गर्ने छ ।

(२) दफा १० को उपदफा १ बमोजिमका नर्सरी निरिक्षण प्राविधिक कार्यदल भन्नाले समितिले तोकेको निम्न तीन सदस्यहरु समाबेश भएको कार्यदललाई जनाउछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको१ जना)

(ख) बाली संरक्षण अधिकृतवाकृषि विकास शाखा मा कार्यरत १ जना)

(ग) पलिकाको कृषि शाखा प्रमुख

(३) नर्सरी निरिक्षण कार्यदलका सदस्यहरुलाई समय सापेक्ष प्राविधिक ज्ञान अद्याबधिक गर्नका लागि राष्ट्रिय फलफूल विकास केन्द्र, कृषि अनुसन्धान केन्द्रहरु, प्रदेश स्तरका फार्म केन्द्र र अनुसन्धान केन्द्रहरुले आयोजना गरेका तालिमहरुमा सहभागि गराईने छ।

**११. फलफूल नर्सरी निरिक्षण, विरुवाको गुणस्तर परिक्षण तथा प्रमाणिकरण प्रकृयाः**

(१) पालिका स्तरिय समितिले निर्णय गरी फलफूल नर्सरी निरिक्षण, विरुवाको गुणस्तर परिक्षण तथा मूल्याङ्कन सम्बन्धि मापदण्ड (**अनुसूची ५**) बनाई लागु गर्ने छ ।

(२) दफा १० को उपदफा १ बमोजिम अधिकार प्राप्त नर्सरी निरिक्षण प्राविधिक कार्यदलले दफा ११ को उपदफा १ बमोजिमको मापदण्ड अनुसार नर्सरी निरिक्षण, विरुवाको गुणस्तर परिक्षण तथा मूल्याङ्कन गरी गुणस्तर प्रमाणित भएमा **अनुसूची ६** बमोजिमको गुणस्तर प्रमाणिकरणको फारम भरी सो को दुई प्रति बनाई एक प्रति सम्बन्धित नर्सरी धनीलाई र एक प्रति आफैँ सँग (पालिकाको कृषि विकास शाखामा) सुरक्षित राख्नु पर्ने छ ।

(३) दफा ११ को उपदफा २ बमोजिमको गुणस्तर प्रमाणीकरणको पत्र प्राप्त गरेका नर्सरी धनीहरुले मात्र विरुवा विक्री वितरण गर्न सक्ने छन् ।

**१२. मापदण्ड नपुगेका विरुवाको व्यवस्थापनः**

(१) दफा ११ को उपदफा २ बमोजिम गुणस्तर प्रमाणीकरण पत्र प्राप्त गर्न नसकेका विरुवाहरुको विक्री वितरणमा रोक लगाईने छ र आवश्यक देखिएमा (स्याउमा क्रउन गल रोग भएमा) विरुवा नष्ट गर्नु पर्ने छ ।

(२) गुणस्तरहीन तथा नष्ट गर्नु पर्ने विरुवा विक्री वितरण गरेको पाइएमा सम्बन्धित नर्सरी धनीको अनुमति पत्र दफा ६ को उपदफा २ बमोजिम खारेज गरी त्यस्ता नर्सरी धनीको नाममा पुनः कम्तीमा तीन वर्षसम्म कुनै पनि फलफूल विरुवा उत्पादन तथा विक्री वितरण गर्न अनुमति पत्र प्रदान गरिने छैन ।

(३) दफा १२ को उपदफा २ कार्यान्वयन गर्नका लागि नर्सरी निरिक्षण प्राविधिक कार्यदलले पालिका स्तरिय समितिमा सिफारिस गर्नु पर्नेछ र पालिका स्तरिय समितिले निर्णय गरी उक्त नर्सरी दर्ता/अनुमती पत्र खारेज गर्ने छ ।

(४) दफा १२ को उपदफा १ अनुसार  विक्रीको लागि गुणस्तर प्रमाणीकरण प्राप्त गर्न नसकेका (स्याउमा क्राउन गल लागेका विरुवा बाहेक) अन्य विरुवाहरु थप उपचार गरी विक्री गर्न योग्य हुन सक्ने देखिएमा नर्सरी निरिक्षण प्राविधिक कार्यदलले आवश्यक प्राविधिक परामर्श तथा निर्देशन दिन सक्ने छ ।

(५) दफा १२ को उपदफा ४ बमोजिम नर्सरी निरिक्षण प्राविधिक कार्यदलको सुझाव र निर्देशन पालना गरी नर्सरी धनीले विरुवा उपचार गरेर पुनः गुणस्तर प्रमाणीकरणका लागि निवेदन दिन सक्नेछ ।

(६) दफा १२ को उपदफा ५ बमोजिम प्राप्त निवेदनमा नर्सरी निरिक्षण प्राविधिक कार्यदलले दफा ११ को उपदफा २ बमोजिम परिक्षण गर्दा विरुवाहरु गुणस्तरयुक्त पाईएमा विक्री वितरणका लागि सिफारिस गर्नेछन् ।

**१३. विरुवा उत्पादन तथा विक्रीको अभिलेख व्यवस्थापनः**

(१) दफा ३ को उपदफा ४ बमोजिम दर्ता/अनुमति पत्र पाएका नर्सरीहरुले आफूले उत्पादन गरेको तथा विक्री वितरण गर्न योग्य भनि प्रमाणित विरुवाको विक्री विवरण **अनुसूचि ७** बमोजिमको ढाँचामा कहाँ, कसलाई र कति परिमाणमा विक्री वितरण गरिएको हो स्पष्ट खुलाई अभिलेख राख्नु पर्नेछ ।

(२) दफा १३ को उपदफा १ बमोजिमको अभिलेख नर्सरी निरिक्षण प्राविधिक कार्यदलले हेर्न चाहेमा नर्सरी धनीले अनिवार्य देखाउनु पर्नेछ ।

## परिच्छेद ४

## विरुवा विक्री वितरण सम्बन्धि व्यवस्था

**(१४) विरुवाको माग र आपूर्ति व्यवस्थापनः**

(१) फलफूलको माग र आपूर्ति बीच तालमेल मिलाउन अनुमति पत्र प्राप्त नर्सरी धनीहरुले आफ्नो नर्सरीमा रहेका विक्रीयोग्य प्रमाणित विरुवाहरुको विवरण विक्री गर्नु भन्दा कम्तीमा १ महिना अघि पालिकको कृषि शाखा मार्फत जिल्ला कृषि विकास कार्यालयले तयार गर्ने वासालतमा समाबेस गर्न जिल्ला कृषि विकास कार्यालयमा बुझाउनु पर्नेछ ।

(२) कुनै पनि व्यक्ति, बगैंचा धनी, कृषक, नसरी र तिनै तहका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई कुनै पनि फलफूलका बीउ, बोट, विरुवा आवश्यक परेमा अनुमति प्राप्त नर्सरीहरुबाट मात्र विरुवाहरु खरिद गर्नु पर्नेछ । कसैले यस दफाको प्रतिकुल हुने गरि कार्य गरेको पाईएमा समितिले कार्वाही गर्न सक्नेछ ।

(३) बीउ तथा विरुवाको विक्री मूल्य निर्धारण गर्दा जिल्लामा गठन भएको जिल्ला दर रेट निर्धारण समिति वा राष्ट्रिय फलफूल विकास केन्द्र, किर्तिपुरले तोकेको बमोजिम हुनेछ ।

(४) ओखर, स्याउ लगायत अन्य फलफूलका विरुवाहरु बाहिरी देशबाट आयात गर्न चाहेमा नेपाल सरकारको क्वारेन्टाइन सम्बन्धि प्रचलित कानुन पालना गरी पालिका स्तरिय समितिको पूर्व स्वीकृति लिएर मात्र पालिका भित्र ल्याउन र विक्री वितरण गर्न पाइने छ ।

(५) पालिका स्तरिय समितिलाई आवश्यक लागेमा बिदेशबाट ल्याउने जुनसुकै फलफूलका विरुवाहरु पालिका भित्र ल्याउन अनुमति दिनेकी नदिने भन्ने विषयमा विज्ञ टोली गठन गरि वा जिल्ला स्थित कृषि विकास कार्यालय वा कृषि अनुसन्धानका फार्म केन्द्रसँग राय माग्न सक्ने छ ।

(६) पालिका स्तरिय समितिको अनुमति विना बिदेशबाट फलफूलका विरुवाहरु आयात गरी पालिका भित्र विक्री वितरण गरेको पाईएमा नर्सरी निरिक्षण प्राविधिक कार्यदलको सिफारिसमा आवश्यक निर्णय गरि पालिका स्तरिय समितिले उक्त विरुवा नष्ट गर्नुका साथै वितरकलाई आवश्यक कार्वाही समेत गर्न सक्नेछ ।

**१५. विरुवाको विक्री वितरण, ढुवानी तथा ओसार पसार गर्दा अपनाउनुपर्ने विधिः**

(१) विरुवाको उत्पादनका साथसाथै विरुवा ढुवानी तथा ओसार पसारमा समेत सावधानी अपनाई गुणस्तरिय विरुवा रोपणको सुनिश्चितता दिलाउन पालिका स्तरिय समितिले **अनुसूचि ८** बमोजिमको नर्सरीबाट विरुवा ढुवानी तथा ओसार पसार सम्बन्धि मापदण्ड बनाई लागु गर्ने छ ।

(२) यसरी बनाईएको मापदण्डलाई सबै नर्सरी धनीहरु त्था नर्सरी विरुवा विक्री वितरण कार्यमा संलग्न व्यक्ति, संस्थाले पालना गर्नु पर्नेछ ।

(३) फलफूलको बीउ एबं विरुवाको माध्यमबाट रोग कीराको प्रकोप फैलने सम्भावना भएमा पालिका स्तरिय समितिले निर्णय गरी एक पालिका बाट अर्को पालिकामा बीउ एबं विरुवा ओसार पसारमा प्रतिबन्ध लगाउन सक्नेछ ।

## परिच्छेद ५

## मापदण्ड कार्यान्वयनसँग सम्बन्धित समितिहरु र तिनीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था

**१६.** पालिका स्तरिय नर्सरी स्थापना, संचालन र व्यवस्थापनसमितिः

१. नर्सरी सम्बन्धि नीति निर्धारण गरी कार्यान्वयन गर्न र नर्सरी सम्बन्धि विषयमा आवश्यक परामर्श दिन तलशिलका पदाधिकारीहरु रहने गरी एक नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन पालिका स्तरिय समितिको गठन हुनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष, पालिका | अध्यक्ष |
| ख) उपाध्यक्ष, पालिका | सदस्य |
| ग) वडा अध्यक्षहरु (सबै) | सदस्य |
| घ) प्रमुख प्रशासकिय अधिकृत, पालिका | सदस्य |
| ङ) कार्यपा लका सदस्य(सवै) | सदस्य |
| च) नर्सरी धनीहरुको प्रतिनिधि (एक जना) | सदस्य |
| छ) प्रमुख, कृषि विकास शाखा, पालिका | सदस्य सचिव |

(२) समितिले आवश्यक देखेमा विषय सँग सम्बन्धित थप तीन जना सम्म विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्ने छ ।

(३) समितिको सचिवालय पालिकको कृषि विकास शाखामा रहने छ ।

**१७. पालिका स्तरिय नर्सरी स्थापना, संचालन र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) नर्सरी सम्बन्धि नीति नियम तथा ऐन तर्जुमा गर्न पालिकालाई परामर्श दिने ।

(२) नर्सरी स्थापनाका लागि दिईएको निवेदन र नर्सरि निरिक्षण प्राविधिक कार्यदलले गरेको सिफारिस अनुसार नर्सरी स्थापना, दर्ता तथा अनुमति पत्र वितरणका लागि स्वीकृती प्रदान गर्ने ।

(३) नर्सरी दर्ता/अनुमती पत्रको म्याद सकिएका तर आवश्यक गुणस्तरिय मापदण्ड र प्रकृया पुरा गरेका नर्सरीहरुलाई नविकरणका लागि स्वीकृती प्रदान गर्ने ।

(४) नीजि वा सरकारी क्षेत्रमा संचालित नर्सरीबाट उत्पादन हुने बीउ तथा विरुवाको गुणस्तर निर्धारण, बीउ तथा बिरुवाको ढुवानी सम्बन्धि मापदण्ड बनाउने, नियमन वा नियन्त्रण गर्ने गराउने ।

(५) स्वदेशी/विदेशी निकायद्धारा निर्धारित बिरुवाहरुको गुणस्तरलाई आवश्यकता अनुसार अनुमोदन गर्ने ।

(६) बीउ तथा बिरुवाको माध्यमबाट रोग कीराको प्रकोप फैलने सम्भाबना भएमा एक पालिकाबाट अर्को पालिका र एक जिल्लाबाट अर्को जिल्लामा बिरुवा ओसार पसारमा प्रतिबन्ध लगाउने ।

(७) मापदण्डको प्रतिकुल हुने गरि कार्य गरेको पाईएमा त्यस्ता नीजि नर्सरीको कारोबार रोक्का गरि २ बर्ष सम्म कालो सूचीमा राख्ने वा पूर्ण रुपमा खारेज गर्न स्वीकृती दिने ।

(८) मातहातका सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा सुझाब प्रदान गर्ने ।

(९) पालिका भित्र नर्सरी सम्बन्धि परि आएका समस्याहरुलाई समाधान गर्ने ।

(१०) बीउ तथा विरुवा उत्पादन र वितरण सम्बन्धि अन्य आवश्यक काम कारवाही गर्ने गराउने ।

**१८. कृषि विकास शाखाको काम, कर्तव्य र अधिकार**

(१) नर्सरी स्थापनाका लागि दिईएको निवेदन उपर प्राविधिक निरिक्षणको व्यवस्था मिलाई नर्सरि निरिक्षण प्राविधिक कार्यदलले गरेको सिफारिस अनुसार नर्सरी स्थापना, दर्ता तथा अनुमति पत्र स्वीकृतिका लागि पालिका स्तरिय समितिमा सिफारिस गर्ने ।

(२) पालिका स्तरिय समितिले स्वीकृत गरेका प्रस्तावित नर्सरीहरुलाई विधिवत संचालन गर्न नर्सरी दर्ता/अनुमती पत्रको प्रमाण पत्र उपलब्ध गराउने ।

(३) नर्सरी दर्ता/अनुमती पत्रको म्याद सकिएका तर आवश्यक गुणस्तरिय मापदण्ड र प्रकृया पुरा गरेका नर्सरीहरुलाई पालिका स्तरिय समितिको स्वीकृतिमा नविकरण गर्ने ।

(४) अनुमती प्राप्त गरेका नर्सरीहरुमा रहेको बीउ तथा विरुवाको विक्रीयोग्य विवरण वा वाशालात तयार गरी जिल्ला कृषि विकास कार्यालयमा पठाउने ।

(५) अनुमती पत्र प्राप्त नगरेका नर्सरीहरुबाट फलफूलका बीउ, विरुवा र विरुवाका अङ्गहरु विक्री वितरणमा रोक लगाउने ।

(६) नर्सरी निरिक्षण, बीउ, विरुवा र विरुवाका अङ्गहरुको गुणस्तर परिक्षण तथा प्रमाणीकरण प्रकृयामा नर्सरी निरिक्षण प्राविधिक कार्यदललाई सहयोग र सहजीकरण गर्ने ।

(७) नर्सरी धनीलाई विरुवा उत्पादन तथा विक्रीको अभिलेख व्यवस्थापन गर्न लगाउने ।

(८) नर्सरी अनुगमन गरी विक्रीयोग्य विरुवाहरुको परिमाण एकिन गर्ने ।

(९) फलफूलका बीउ र विरुवा उत्पादन तथा वितरण कार्यमा नीजि तथा सरकारी क्षेत्र बिच समन्वय कायम गर्ने ।

(१०) नर्सरी उद्योगमा लगानी गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने

(११) नर्सरी निरिक्षण प्राविधिक कार्यदलका सदस्यहरुको क्षमता अभिबृद्धिका लागि सहजीकरण गर्ने ।

(१२) फलफूलका बीउ र बिरुवा सम्बन्धि आवश्यक सार्वजनिक महत्वको विषयमा प्रचार प्रसार गराउने ।

**१९. पालिका स्तरिय नर्सरी निरिक्षण प्राविधिक कार्यदल :**

(१) नीजि क्षेत्रले नर्सरी स्थापना गरी बीउ एबं विरुवा विक्री गर्न नर्सरी दर्ता/अनुमती पत्र पाउनका लागि दिएको निबेदनको आधारमा नर्सरी स्थापना गर्ने क्षेत्रको अनुगमन गरी नर्सरी दर्ता/अनुमती पत्र प्रदान गर्न वा नगर्न पालिकाको कृषि विकास शाखा मार्फत पालिका स्तरिय समितिलाइ सिफारिस गर्ने ।

(२) नर्सरीमा रहेका रुटस्टक, माउबोट, र अन्य विरुवाहरुमा खतराजन्य तथा निषेधित रोग, कीराको पहिचान गरी पालिकाको कृषि विकास शाखा मार्फत पालिका स्तरिय समितिलाई जानकारी गराउने ।

(३) बिदेश तथा पालिका बाहिरबाट आयात गरिएका फलफूलका बीउ, विरुवा र विरुवाका अन्य अङ्गहरुको गुणस्तर मापन गरी पालिका भित्र ल्याउन दिने वा नदिने बारेमा पालिकाको कृषि विकास शाखा मार्फत पालिका स्तरिय समितिलाई सिफारिस गर्ने ।

(४) अनुमति प्राप्त नगरेका नीजि नर्सरीहरुबाट फलफूलको बीउ, विरुवा र विरुवाका अन्य अङ्गहरुको विक्री वितरणमा रोक लागाउन पालिकाको कृषि विकास शाखा मार्फत पालिका स्तरिय समितिमा सिफारिस गर्ने ।

(५) अनुमती प्राप्त गरेका नर्सरीबाट उत्पादन हुने फलफूलका बीउ, विरुवा र विरुवाका अङ्गहरुको गुणस्तर नियमन वा नियन्त्रण गर्ने । यस्का लागि २ बर्षे अवधिमा तपशिल बमोजिमको समयमा अनुगमन गर्ने ।

क) रुटस्टकका लागि बीउ राख्ने समयमा

ख) बीउ राखेको ६ महिना पछि

ग) कलमी गर्ने समयमा

घ) कलमी गरेको ६ महिना पछि

## परिच्छेद ६

## विविध

२०. बाधा अड्काउ फुकाउन सक्ने : यस मापदण्डमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा पालिका स्तरिय समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

२१. गुनासो तथा उजुरी सुन्न सक्ने : यस मापदण्डको कार्यान्वयन सम्बन्धमा भएका गुनासाहरु तथा उजुरीहरु पालिका स्तरिय समितिले सुन्नेछ र आवश्यक छानविन गरी निर्णय दिनेछ ।

२२. प्रचलित कानुन बमोजिम हुने : यस मापदण्ड कार्यान्वयनको लागि यसै मापदण्डमा तोकिए बमोजिम र अन्य हकमा प्रचलित कानुन बमोजिम हुनेछ । नर्सरी सम्बन्धि संघीय र प्रादेशिक कार्यविधी, निर्देशिका तथा मापदण्डहरु यस पालिका स्तरको मापदण्ड सँग बाझिन गएमा संघीय र प्रादेशिक

कार्यविधि, निर्देशिका तथा मापदण्डहरु अनुसार नै पालिका सभाबाट परित गरि परिमार्जन गर्दै लगिने छ ।

## अनुसूचिहरु

## अनुसूचि १

## नीजि नर्सरी स्थापना निवेदन फारम

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान प्रमुख ज्यू
कृषि विकास शाखा
.................. पालिका, जुम्ला

महोदय,

तपसीलमा लेखिए बमोजिमको व्यवसाय संचालन गर्नका निम्ति तल लेखिएका नर्सरी फर्म/सहकारीको नाम दर्ता गर्न सिफारिश गरी पाउँ । लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

तपसील

१. फर्मको पूरा नामः

२. फर्मको पूरा ठेगानाः

३. फर्मको उद्देश्यः

४. कुल पूँजीः

५. कारोबार गर्ने वाली वस्तु तथा कामको विवरणः

६. नर्सरी गर्ने वाली वस्तु तथा कामको विवरणः

क)

ख)

ग)

७. यो फर्म/सहकारी फर्मको नाममा हानी नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने:

८. नागरिकताको प्रमाणित प्रतिलिपी

९. नर्सरी सञ्चालनको कार्य योजना (५ वर्षको)

१०. जग्गाको विवरण:

(क) क्षेत्रफल: (ख) समुन्द्र सतह देखिको उचाई:

(ग) मोहडा: (घ) सिचाईको अवस्था:

(ङ) निकाशको अवस्था: (च) माटोको प्रकार:

(छ) माटोको पी एच मान: (ज) मोटर बाटोको सुविधा:

(च) अन्य सुविधा (खुलाउने):

(११) नर्सरी सम्वन्धि तालिम लिएको (छ/छैन)

माथि उल्लिखित सुचनाहरु साँचो हो, झुटो ठहरे कानुन बमोजिम सहुँला बुझाउला भनी पूर्ण होसहवासमा कबुलनामा गरी सहीछाप गरिदिएँ ।

दरखास्तवालाको दस्तखत:

| दुवै बुढी औंलाको सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

माथि लेखिए बमोजिमको सूचनाहरु दुरुस्त छ भनि प्रमाणित गर्ने नर्सरी निरिक्षण कार्यदलका सदस्यहरु:

| क्र.सं. | नाम | ठेगाना | दस्तखत | मिति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची २

.......... गाउँ पलिकको कार्यालय, .................., जुम्ला

(दफा (३) को उपदफा (४) सँग सम्बन्धित)

## प्रमाण पत्र

सम्वत् ................ साल ............. महिना ......... गते रोज ......... मा ............... गाउँ पालिका, वडा नं. .......... मा फलफूल बिरुवा उत्पादन गरि विक्री वितरण गर्न "हिउँदे फलफूल नर्सरी स्थापना, संचालन तथा व्यवस्थापन मापदण्ड, २०८०" बमोजिम दर्ता गरी यो अनुमति पत्र दिईएको छ ।

नर्सरी धनीको नाम:

नर्सरीको नाम:

ठेगाना:

कुल पूँजी:

उद्देश्य:

मिति:

.......................

प्रमुख

कृषि विकास शाखा

## नविकरण गरेको प्रमाण पत्र

| नविकरण गर्ने कार्यालयको नाम | नविकरण बहाल रहने मिति | | नविकरण दस्तुर भौचर नं. मिति | दस्तखत र मिति |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची ३**

**नीजि नर्सरीहरुले माउबोट र रुटस्टकको विवरण राख्ने ढाँचा**

(दफा (७) को उपदफा (३) सँग सम्बन्धित)

नर्सरीको नाम र ठेगाना:

नसरी दर्ता नम्बर:

नर्सरी धनीको नाम:

सम्पर्क नम्बर:

| क.सं. | बिरुवाको किसिम | जात | संकेत (ट्याग) नं. | उमेर (वर्ष) | रोग कीराको अवस्था | बिरुवाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

मउबोट तथा रुटस्टकमा प्राविधिकहरुको समन्वयमा अनिवार्य रुपमा बिरुवाको जात खुल्ने गरि संकेत (ट्याग) लगाएको हुनु पर्ने छ ।

## अनुसूची ४

## नर्सरीमा कलमी विरुवा उत्पादनका लागि कलमी विरुवा र माउबोटको गुणस्तर मापदण्ड

(दफा (८) को उपदफा (१) सँग सम्बन्धित)

### (क) विक्री गर्ने फलफूलका विरुवाको गुणस्तर मापदण्ड

(१) जातिय रुपमा शुद्ध वा जातिय शुद्धता भएको विरुवा हुनु पर्ने ।

(२) रोग कीरा रहित स्वस्थ विरुवा हुनु पर्ने ।

(३) उन्नत जातको विरुवालाई प्राथामिकता दिनुपर्ने ।

(४) कलमी गरिएको विरुवालाई मात्र प्राथमिकता दिनु पर्ने ।

(५) कलमी विरुवाको उमेर कम्तीमा पनि १ वर्ष पुरा भएको र न्यूनतम २ फिट उचाई भएको हुनु पर्ने ।

### (ख) माउ बोटको गुणस्तर मापदण्ड

(१) माउ बोटको स्रोत खुलेको हुनु पर्ने ।

(२) रोग कीरा नलागेको, कुनै किसिमको विकृती नभएको र स्वस्थ हुनु पर्ने ।

(३) जात पहिचान हुने ट्याग वा संकेत लगाएको हुनु पर्ने ।

### (ग) नर्सरी छनौटका मापदण्ड

| बाली | विरुवा उत्पादन संख्या | आवश्यक माउ बोट संख्या | कैफियत |
|---|---|---|---|
| स्याउ | १००० | सायनमात्र लिदा १० देखि २५ बर्षको ५ बोट | बार्षिक कार्यतालिका अनुसार |

| बाली | विरुवा उत्पादन संख्या | आवश्यक माउ बोट संख्या | कैफियत |
|---|---|---|---|
| | | तर सायन र फल दुबै लिने हो भने १० बोट | बगैंचा व्यवस्थापन गरेको हुनु पर्ने । |
| | २००० | सायनमात्र लिदा १० देखि २५ बर्षको १० बोट<br>तर सायन र फल दुबै लिने हो भने २० बोट | |
| | ३००० | सायनमात्र लिदा १० देखि २५ बर्षको १५ बोट<br>तर सायन र फल दुबै लिने हो भने ३० बोट | |
| | ४००० | सायनमात्र लिदा १० देखि २५ बर्षको २० बोट<br>तर सायन र फल दुबै लिने हो भने ४० बोट | |
| | ५००० वा सो भन्दा माथि | सायनमात्र लिदा १० देखि २५ बर्षको ३० बोट<br>तर सायन र फल दुबै लिने हो भने ५० बोट | |
| ओखर | १००० | सायनमात्र लिदा १० देखि २५ बर्षको ७ बोट<br>तर सायन र फल दुबै लिने हो भने १४ बोट | बार्षिक कार्यतालिका अनुसार बगैंचा व्यवस्थापन गरेको हुनु पर्ने । |
| | २००० | सायनमात्र लिदा १० देखि २५ बर्षको १४ बोट<br>तर सायन र फल दुबै लिने हो भने २८ बोट | |
| | ३००० | सायनमात्र लिदा १० देखि २५ बर्षको २१ बोट<br>तर सायन र फल दुबै लिने हो भने ४२ बोट | |
| | ४००० | सायनमात्र लिदा १० देखि २५ बर्षको २८ बोट<br>तर सायन र फल दुबै लिने हो भने ५६ बोट | |
| | ५००० वा सो भन्दा माथि | सायनमात्र लिदा १० देखि २५ बर्षको ३५ बोट<br>तर सायन र फल दुबै लिने हो भने ७० बोट | |

कलमी विरुवा उत्पादन र माउ बोटको अनुपात मेल नखाएमा उक्त नर्सरीले उत्पादन तथा विक्री वितरणको प्रमाण पत्र पाउने छैन र **नर्सरीको**नाममा सरकारी तथा गैर सरकारी निकायबाट अनुदान तथा अन्य सहुलियत पाउने छैन ।

# अनुसूची ५

## नर्सरी निरिक्षण तथा प्रमाणीकरण मापदण्ड

(दफा (११) को उपदफा (१) सँग सम्बन्धित)

नर्सरीको नाम र ठेगाना:

नसरी दर्ता नम्बर:

नर्सरी धनीको नाम:

सम्पर्क नम्बर:

नर्सरी निरिक्षण मिति:

### (क) नर्सरीमा उत्पादित विरुवाको भौतिक र स्वास्थ अवस्था विवरण

| क्र.सं. | विरुवाको किसिम | जात | विरुवाको अवस्था | | रोग र कीराको प्रकोप र व्यवस्थापनको अवस्था | | | | | विक्री योग्य संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उमेर | उचाई | न्यून | मध्यम | बढी | उपचार हुने | उपचार नहुने | कलमी | विजु |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

माथिको सूचना ठिक छ भनि प्रमाणित गर्ने नर्सरी निरिक्षण प्राविधिक कर्यदलका सदस्यहरुको नाम र हस्तक्षर:

(१)

(२)

(३)

## अनुसूची ६

## नर्सरीलाई विरुवाको विक्री वितरणका लागि गुणस्तर प्रमाणीकरण फारम

(दफा (११) को उपदफा (२) सँग सम्बन्धित)

### (क)स्याउको विक्रीयोग्य विरुवाहरुको विवरण

| क.सं. | विरुवाको किसिम | जात | क्राउन गल रोग | | भुवादार लाही | | अन्य रोग कीराको अवस्था | | विक्री योग्य विरुवाको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागेको | नलागेको | लागेको | नलागेको | उपचार हुने | उपचार नहुने | कलमी | विजु | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

### (ख) ओखरको विक्रीयोग्य विरुवाहरुको विवरण

| क.सं. | विरुवाको किसिम | जात | पहिचान भएको रोग | | पहिचान भएको कीरा | | रोग कीराको अवस्था | | विक्री योग्य विरुवाको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागेको | नलागेको | लागेको | नलागेको | उपचार हुने | उपचार नहुने | कलमी | विजु | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

### (ग) अन्य प्रजातिका विक्रीयोग्य विरुवाको विवरण

| क.सं. | विरुवाको किसिम | जात | पहिचान भएको रोग | | पहिचान भएको कीरा | | रोग कीराको अवस्था | | विक्री योग्य विरुवाको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागेको | नलागेको | लागेको | नलागेको | उपचार हुने | उपचार नहुने | कलमी | विजु | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटः उपचार गरेपछि पनि नियन्त्रण हुन नसक्ने रोग कीरा छ भने के-के छन् विस्तृत खुलाएर लेख्नु पर्ने ।

माथिको सूचना ठिक छ भनि प्रमाणित गर्ने नर्सरी निरिक्षण प्राविधिक कर्यदलका सदस्यहरुको नाम र हस्तक्षर:

(१)

(२)

(३)

## अनुसूची ७

## नीजि नर्सरीहरुले उत्पादन तथा विक्री वितरण गरेको विरुवाको विवरण राख्ने ढाँचा

(दफा (१३) को उपदफा (१) सँग सम्बन्धित)

**(क) नर्सरीमा उत्पादन भएको विरुवाको विवरण**

| क्र.सं. | विरुवाको किसिम | जात | उत्पादन गरेको विरुवा (संख्या) | | | विक्री योग्य विरुवा (संख्या) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कलमी | विजु | जम्मा | कलमी | विजु | जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**(ख) विरुवा विक्री वितरणको अभिलेख विवरण**

| क्र.सं. | विक्री मिति | खरिद गर्ने व्यक्ति/संस्थाको नाम र ठेगाना | विरुवाको किसिम | जात | विक्री गरिएको विरुवा संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कलमी | विजु | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ८

## विरुवा ढुवानी तथा ओसार पसार सम्बन्धि मापदण्ड

(दफा (१५) को उपदफा (१) सँग सम्बन्धित)

**(क) नर्सरीबाट वृक्षरोपण स्थलसम्म फलफूलका विरुवा ढुवानीका गर्दा ध्यान दिनु पर्ने कुराहरुः**

(१) स्वस्थ, बलियो, राम्रो आकारको र दुई बर्ष उमेरको कलमी विरुवा मात्र रोप्नका लागि व्याडबाट उखेल्नु पर्छ ।

(२) पतझड फलफूलका विरुवाहरु उखेल्दा विरुवामा पात झरेको बेला वा पुष-माघ महिनामा उखेल्नु पर्छ ।

(३) नर्सरीमा रहेका विरुवाहरु उखेल्दा विरुवाको जरा चुडिने जोखिम कम गर्न व्याडबाट विरुवा उखेल्नु दुई दिन अगाडी देखि नर्सरी व्याडको माटो राम्रो सँग भिज्ने गरि सिचाई गर्नु पर्छ ।

(४) उखेलेका विरुवामा रहेका अनाबश्यक हाँगा र जराहरुलाई काँटछाँट गरी ढुसिनाशकले उपचार गर्नु पर्छ ।

(५) उपचार गरिएका विरुवाहरुको जरालाई ओसिलो झ्याउले बेरेर निश्चित संख्यामा मुठा परेर त्यस्तो मुठालाई जुटको बोरामा राख्नु पर्छ ।

(६) विरुवालाई बोरामा राख्दा जराको भाग बोराको पिंध तिर पर्ने गरि राख्नु पर्छ भने ढुवानी गर्दा पनि जराको भाग तल र बोटको भाग माथि पारेर ढुवानी गर्नु पर्छ ।

(७) विरुवालाई उखेल्दा, पोका पार्दा, ढुवानीको साधनमा राख्दा र झार्दा एवं मुख्य जग्गामा रोप्ने क्रममा हुनसक्ने नोक्शानीलाई कम गर्न विशेष हेरचाह गर्नु पर्छ ।

(८) ढुवानीको समयमा विरुवालाई सुक्न नदिन आवश्यकता अनुसार र मात्रामा जरामा पानी दिनु पर्छ ।

(९) विरुवालाई सुरक्षित र छाँयामा राख्नुका साथै सकेसम्म जरा तल हुने गरि ठाडो अवस्थामा राख्नु पर्छ ।

(१०) ढुवानी गर्ने विरुवासँगै आधिकारिक निकायको निरोगिताको प्रमाण पत्र पनि जरुरी हुन्छ ।

**(ख) फलफूलका विरुवा तथा विरुवाका अङ्गहरु ओसार पसार तथा विक्री वितरणका लागि दिईने प्रमाण पत्र**

........... गाउँ पलिकको कार्यालय, जुम्ला

कृषि विकास शाखा

मितिः

निरोगिताको प्रमाण पत्र

तपशिलको विरुवा तथा विरुवाका अङ्गहरु नियमित रुपमा नर्सरी प्राविधिक कार्यदलको निरिक्षणमा रहि ........................................................................................................ नर्सरी, जुम्लाबाट उत्पादित भएको हुनाले यस पालिका भित्र र बाहिर अन्य स्थानमा समेत ओसार पसार गर्न निरोगी र उपयुक्त छन् भनि प्रमाणित गरिएको छ ।

| क्र.सं. | विरुवाको किसिम | जात | रोगको अवस्था | कीराको अवस्था | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

नोटः यो प्रमाण पत्र जारि भएको मितिबाट सात दिनको समय सम्म मात्र मान्य हुनेछ ।

प्रमुख

कृषि विकास शाखा